# वीरगंज महानगरपालिका
## महानगर कार्यपालिकाको कार्यालय
आदर्शनगर वीरगंज, पर्सा
२ नं प्रदेश (नेपाल)

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा

पत्र संख्या : ०७८/०७९
चलानी नं: ६०६५

सूचना ! सूचना !!! सूचना !!!

**प्रथम पटक प्रकाशित :- २०७८।१०।१८**

यस कार्यालयको आ.व. २०७८।०७९ को वार्षिक स्वीकृत कार्यक्रम साना सिंचाई, स्प्रे टंकी खरिदमा ५०% अनुदान, सहरी वडाहरुमा कौसी खेती प्रविधि नमुना प्रदर्शनीका लागि ५० प्रतिशत अनुदानमा सामग्री वितरण कार्यक्रमहरुका लागि यस महानगरपालिका भित्रका कृषक/कृषक समूह/कृषि उद्यमी/कृषि सहकारीहरुले सूचना प्रकाशन भएको मिति देखी २१ दिन भित्र मिति २०७८/११/१० गते भित्र तोकिएको निवेदन ढाँचामा तपसिल बमोजिमको कार्यक्रमका लागि यस महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | निवेदक | राजश्व रकम | कार्यक्रम | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषक समूह/कृषि सहकारी संस्था लि. | ३००।- | साना सिंचाई (कुलो सुधार/संरक्षण, पम्प, थोपा सिंचाइ) | निर्णय, प्रमाण पत्र, निवेदन, सबैको नागरिकताको प्रतिलिपि, वडा कार्यालयको सिफारिस | |
| २. | कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी | | ५०% अनुदानमा स्प्रे टंकी वितरण | निवेदन, नागरिकताको प्रतिलिपि, लालपुर्जाको प्रतिलिपि, वडा कार्यालयको सिफारिस | |
| ३. | कृषक | | ५०% मा सहरी वडाहरुमा कौसी खेती प्रविधि नमूना प्रदर्शनीका लागि सामग्रीहरु वितरण | निवेदन, नागरिकताको प्रतिलिपि, लालपूर्जाको प्रतिलिपि, वडा कार्यालयको सिफारिस | |
| ४. | कृषक | | ५०% अनुदानमा त्रिपाल वितरण | निवेदन, नागरिकताको प्रतिलिपि, लालपूर्जाको प्रतिलिपि, वडा कार्यालयको सिफारिस | |
| ५. | कृषक | | ७५% अनुदानमा कम्पोष्ट विन वितरण | निवेदन, नागरिकताको प्रतिलिपि,घर आवस्थित भएको जग्गाको लालपूर्जाको प्रतिलिपि, वडा कार्यालयको सिफारिस | |

१. कृषक समूहको हकमा निवेदन दर्ता गर्दा प्रमाण-पत्रको अद्यावधिक/नविकरण भएको हुनुपर्नेछ साथै निर्णयको प्रमाणित प्रतिलिपि हुनुपर्नेछ।
२. व्यक्तिको हकमा नागरिकता र जग्गाको प्रतिलिपि समावेश गर्नुपर्नेछ।
३. सिंचाई कार्यक्रमका लागि सम्बन्धित वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ।
४. कृषि सहकारीको हकमा २०७७।०७८ को लेखा परिक्षण, कर चुक्ता प्रमाण पत्र, निर्णय अनिवार्य पेश गर्नुपर्नेछ।
५. कृषक/कृषक समूह/कृषि सहकारीहरुलाई एक भन्दा बढी कार्यक्रममा छनौट गरिने छैन। प्राविधिक त्रुटि वा अन्य कारणले एक भन्दा बढी आयोजनामा छनौट भएमा अन्तिम निर्णय आर्थिक विकास समितिको हुनेछ।
६. सूचना प्रकाशन भए पछी दर्ता भएका कृषक/कृषक समूह/ कृषि सहकारी संस्था लाई मान्य गरिने छैन।
७. यस कार्यकममा अघिल्लो दुई आ.व. मा छनौटमा परेका कृषक/कृषक समूह/ सहकारी संस्थालाई समावेश गरिने छैन।


आदर्शनगर, वीरगंज, पर्सा, नेपाल, फोन नं.(९७७) ०५१ ४१८४३०, ०५१-४१८०८५, ०५१-५२२०१४, ०५१-४१८०१४ e-mail:- info@birgunjmun.gov.np, ito.birgunjmun@gmail.com
Web :- www.birgunjmun.gov.np

Scanned with CamScanner

# वीरगंज महानगरपालिका
## महानगर कार्यपालिकाको कार्यालय
आदर्शनगर वीरगंज पर्सा
२ नं प्रदेश (नेपाल)


कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन शाखा

पत्र संख्या ०७८/७९

चलानी नं. ६०६० सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित :- २०७८।१०।१८**

यस कार्यालयको आ.व. २०७८।०७९ मा संघिय वित्तिय हस्तान्तरणको वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस महानगरपालिका भित्रका कृषक/कृषक समूह/कृषि उद्यमी/कृषि सहकारीहरुले सूचना प्रकाशन भएको मिति देखी २१ दिन भित्र मिति २०७८/११/१० गते भित्र तोकिएको निवेदन ढाँचामा तपसिल बमोजिमको कार्यक्रमका लागि यस महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र. सं | निवेदक | संचालन हुने कार्यक्रम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | कृषक समूह/ कृषि सहकारी संस्था लि./कृषि उद्यमी | गहुँ प्रवर्द्धन कार्यक्रम १०० हेक्टर क्षेत्रफल भएको हुनु पर्ने तथा एउटा क्लस्टर १० हेक्टरको हुनुपर्ने | वीरगंज महानगरपालिकाको २९ नं. वडा | तोकिएको वडाबाट निवेदन माग नआएमा अन्य वडा छनौट गरिने |
| २. | कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | वीरगंज महानगरपालिकाको ३२ नं. वडा | तोकिएको वडाबाट निवेदन माग नआएमा अन्य वडा छनौट गरिन |
| ३. | कृषक समूह/ कृषि सहकारी संस्था लि./कृषि उद्यमी | धानबालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | वीरगंज महानगरपालिकाको २७ नं. वडा | तोकिएको वडाबाट निवेदन माग नआएमा अन्य वडा छनौट गरिन |
| ४. | कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमी | आ.व.२०७७/७८ मा स्थापना भएको धानबालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | वीरगंज महानगरपालिकाको ३१ नं. वडा | तोकिएको वडाबाट निवेदन माग नआएमा अन्य वडा छनौट गरिन |

१. कृषक समूहको हकमा निवेदन दर्ता गर्दा प्रमाण-पत्रको अद्यावधिक/नविकरण भएको हुनुपर्नेछ साथै निर्णयको प्रमाणित प्रतिलिपि हुनुपर्नेछ ।
२. कार्यक्रम संचालन हुने स्थानमा जग्गा जमिनको स्वामित्व खुल्ने वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको करार नामा प्रतिलिपि समावेश गर्नुपर्नेछ ।
३. सम्वन्धित कार्यक्रमका लागि सम्बन्धित वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।
४. कृषि सहकारीको हकमा २०७७।०७८ को लेखा परिक्षण, कर चुक्ता प्रमाण पत्र, निर्णय अनिवार्य पेश गर्नुपर्नेछ ।
५. निवेदकहरुको नागरिकताको प्रतिलिपि
७. यस कार्यक्रममा कार्यविधी अनुसार उत्पादन लागत सहभागीता तर्फ लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

२०७८/१०/१८

उर्मिला श्रेष्ठ
अधिकृत छैठौं (कृषि)



Scanned with CamScanner

# वीरगंज महानगरपालिका

## महानगर कार्यपालिकाको कार्यालय

आदर्शनगर वीरगंज, पर्सा

२ नं प्रदेश (नेपाल)

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा

वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वीरगंज,पर्सा मधेश प्रदेश (नेपाल) २०७४

प.सं.

च.नं. ६०३२।०७८/७९

मिति: २०७८/१०/१७

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइ,
श्री कृषि ज्ञान केन्द्र, पर्सा,
श्री सवै वडा कार्यालयहरु वीरगंज महानगरपालिका

विषयः सूचना टाँस तथा जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/०७९ को विभिन्न कार्यक्रम सञ्चालन प्रयोजनार्थ सूचना थान र यसै पत्रानुसार संलग्न राखी पठाइएकोले तहाँको सूचना पार्टीमा टाँस गरी जानकारी गरिदिनु हुन अनुरोध छ ।

2078/10/18

अधिकृत छैठो

**सादर अवगतार्थ :**

१. श्रीमान् प्रमुख ज्यू , वीरगंज महानगरपालिका
२. श्रीमान् उप प्रमुख ज्यू, वीरगंज महानगरपालिका
३. श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, वीरगंज महानगरपालिका

"औद्योगिक तथा व्यापारिक शहर, सुसस्कृत, सभ्य हाम्रो वीरगंज महानगर"

आदर्शनगर, वीरगंज, पर्सा, नेपाल, फोन नं.(९७७) ०५१ ४१८४३०, ०५१-४१८०८५, ०५१-५२२०१४, ०५१-४१८०१४

Web :- www.birgunjmun.gov.np e-mail:- info@birgunjmun.gov.np, ito.birgunjmun@gmail.com

Scanned with CamScanner